सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २४६ ♦ २०८३ साल जेष्ठ ७ विहिवार ♦ 21 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# पार्टी एकताका लागि आवश्यक सबै विषयमा छलफल गर्न तयार : सभापति थापा






धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

जेष्ठ ६ गते, महोत्तरी

गगनकुमार थापा ले पार्टीभित्र देखिएका मतभेद समाधान गर्दै संगठनलाई एकताबद्ध रूपमा अघि बढाउन आवश्यक सबै विषयमा छलफल गर्न आफू तयार रहेको बताउनुभएको छ ।

महोत्तरीको बर्दिबासमा बुधबार आयोजित प्रदेश तथा स्थानीय तह केन्द्रित प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्नुहुँदै उहाँले सहमतिका आधारमा पार्टी सञ्चालन गरिने बताउनुभयो । सभापति थापाले पार्टीभित्रका नेता तथा कार्यकर्ताको भावनालाई समेट्दै संगठनलाई एकढिक्का बनाएर अघि बढाइने उल्लेख गर्नुभयो । उहाँले संस्थापनइतर समूहका नेताहरूलाई क्रियाशील सदस्यता अद्यावधिक प्रक्रियामा अवरोध नगर्न आग्रह गर्नुभयो । पार्टी सुदृढीकरणका लागि सदस्यता व्यवस्थापन महत्वपूर्ण विषय भएकाले यसलाई विवादको विषय नबनाउन उहाँको भनाइ थियो । क्रियाशील सदस्यता अद्यावधिकको विषयलाई लिएर भइरहेको विरोधप्रति आश्चर्य व्यक्त गर्नुहुँदै उहाँले आवश्यकता अनुसार पार्टी सदस्यले सदस्यता नवीकरण गर्न पाउनुपर्ने धारणा राख्नुभयो ।

पार्टीभित्रको अनुशासन र संगठनात्मक प्रतिबद्धताबारे चर्चा गर्नुहुँदै सभापति थापाले पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध मतदान गर्ने वा समर्थन नगर्ने प्रवृत्ति स्वीकार्य नहुने स्पष्ट पार्नुभयो । उहाँका अनुसार आम मतदाताले आफ्नो स्वविवेक प्रयोग गर्न पाउने भए पनि पार्टीका क्रियाशील सदस्य तथा नेताहरूले संगठनात्मक निर्णयको पालना गर्नुपर्ने हुन्छ । गत निर्वाचनमा पार्टी उम्मेदवार लाई असहयोग गर्ने नेताहरूलाई केही समयका लागि सदस्यताबाट अलग राख्ने नीति दोहोर्‍याउँदै उहाँले त्यसलाई संगठनात्मक अनुशासनसँग जोडिएको विषयका रूपमा व्याख्या गर्नुभयो ।

गगनकुमार थापाले पार्टीका नेता-कार्यकर्तालाई नागरिकका समस्या र दुःखमा प्रत्यक्ष रूपमा साथ दिन निर्देशन दिनुभयो । सभापति थापाले कांग्रेस सत्तामा नरहे पनि जनताको पक्षमा उभिने प्रमुख राजनीतिक शक्ति भएको बताउनुभयो ।

उहाँले अन्याय, विभेद तथा नागरिकमाथि हुने ज्यादतीका विषयमा पार्टी संरचना मौन बस्न नहुने उल्लेख गर्दै सीमा क्षेत्रमा देखिएका समस्या, सार्वजनिक तथा वन क्षेत्र अतिक्रमणजस्ता विषयमा कांग्रेस जनताको आवाज बन्नुपर्ने धारणा राख्नुभयो ।

नागरिकमाथि जबर्जस्ती व्यवहार गरी रातारात डोजर चलाएर विस्थापित गर्ने प्रवृत्तिले सामाजिक सम्मानमा चोट पुग्ने भन्दै उनले यस्ता अभ्यासको विरोध गर्नुपर्नेमा जोड दिनुभयो ।

"नागरिकका दुःखमा हामी साथमा छौं कि छैनौं भन्ने कुरा महत्वपूर्ण हुन्छ," सभापति थापाको भनाइ उद्धृत गर्दै उहाँले भन्नुभयो, "गलत अभ्यास र अन्यायका विरुद्ध कांग्रेस स्पष्ट रूपमा उभिनुपर्छ।"

उहाँले प्रदेश सरकार तथा स्थानीय तहमा सहभागी कांग्रेस संरचनालाई जनमुखी र उत्तर दायी ढंगले काम गर्न निर्देशन दिँदै सेवा प्रवाहमा नयाँ शैली अपनाएर जनविश्वास बढाउनुपर्ने बताउनुभयो ।

## मधेश प्रदेशमा कांग्रेस नेतृत्वकै सरकार रहन्छ : सभापति थापा

कांग्रेसका सभापति गगनकुमार थापाले मधेश प्रदेशमा कांग्रेस नेतृत्वकै सरकारले निरन्तरता पाउने बताउनुभयो।

सभापति थापाले मधेस प्रदेश सरकारको नेतृत्वमा कांग्रेसले निरन्तरता दिने बताउनुभयो ।

सभापति थापाले कांग्रेस पार्टी र नेताको हरेक गतिविधिलाई सामाजिक आन्दोलनसँग जोडेर अगाडि बढ्न पार्टीपंक्तिलाई निर्देशन पनि दिनुभयो ।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# मधेशको अर्थतन्त्र संकटमा: आर्थिक वृद्धिदर देशमै सबैभन्दा कमजोर

खबर दर्पण समाचारदाता

**जेष्ठ ६ गते, बर्दिवास**

चालु आर्थिक वर्ष २०८२/०८३ मा मधेश प्रदेशको अर्थतन्त्र देशकै सबैभन्दा कमजोर देखिएको छ ।

कृषिमा अत्यधिक निर्भरता, उद्योग व्यवसायको सुस्त विस्तार, सार्वजनिक प्रशासन तथा सेवा क्षेत्रको कमजोर गतिशीलता र कृषि उत्पादनमा आएको गिरावटका कारण चालु आर्थिक वर्षमा मधेश प्रदेशको अर्थतन्त्र देशकै सबैभन्दा कमजोर देखिएको हो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रादेशिक लेखा तथ्याङ्कले मधेश प्रदेशको आर्थिक गतिविधि गम्भीर रूपमा सुस्तिएको हो ।

राष्ट्रिय तथ्याङ्क कार्यालय जनकपुरधामद्वारा सार्वजनिक प्रारम्भिक अनुमानअनुसार चालु आर्थिक वर्षमा मधेश प्रदेशको आर्थिक वृद्धिदर केवल १.३१ प्रतिशत रहने अनुमान गरिएको छ ।

यो सातै प्रदेशमध्ये सबैभन्दा न्यून हो। गत आर्थिक वर्ष २०८१/०८२ मा मधेशको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहेको थियो । एक वर्षमै आर्थिक वृद्धिदर ३ प्रतिशतभन्दा बढीले घट्नु प्रदेशको अर्थतन्त्रमा गहिरो समस्या देखिएको छ ।

राष्ट्रिय स्तरमा चालु आवको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ । तर, मधेश प्रदेश यो राष्ट्रिय औसतभन्दा निकै तल झरेको छ । तथ्याङ्कले मधेशमा उत्पादन, व्यापार, सेवा तथा कृषि क्षेत्र अपेक्षित रूपमा विस्तार हुन नसकेको देखाएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्यांक अधिकारी शिवनारायण महतोका अनुसार स्थिर मूल्यमा मापन गरिएको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनका आधारमा मधेश प्रदेश सबैभन्दा कमजोर अवस्थामा पुगेको देखिएको छ ।

उनका अनुसार प्रदेशको कृषि क्षेत्रको वृद्धिदर नै ऋणात्मक देखिएकाले समग्र अर्थतन्त्रमा प्रत्यक्ष असर परेको हो ।

## बागमती सबैभन्दा बलियो, मधेश सबैभन्दा कमजोर

तथ्याङ्कअनुसार चालु आर्थिक वर्षमा सबैभन्दा उच्च आर्थिक वृद्धिदर बागमती प्रदेशको ५.४० प्रतिशत रहने अनुमान छ । त्यसपछि गण्डकी प्रदेशको ५.०१ प्रतिशत रहेको छ ।

कोशी प्रदेशको वृद्धिदर ३.३१ प्रतिशत, लुम्बिनीको २.८७ प्रतिशत, कर्णालीको २.९४ प्रतिशत र सुदूरपश्चिमको ३.३८ प्रतिशत रहने अनुमान गरिएको छ ।

मधेश प्रदेश भने सबै प्रदेशभन्दा निकै पछाडि परेको देखिन्छ । अझ गत वर्ष ४.४३ प्रतिशतको आर्थिक वृद्धि हासिल गरेको प्रदेश यस वर्ष १.३१ प्रतिशतमा सीमित हुनु चिन्ताजनक मानिएको छ।

अर्थविद्हरूका अनुसार मधेश प्रदेशको अर्थतन्त्र मुख्यतः कृषि र साना व्यापारमा आधारित भएकाले मौसम, उत्पादन र बजार व्यवस्थापनमा आएको समस्याले सीधा असर पार्ने गरेको छ ।

औद्योगिक विकास न्यून हुनु, लगानीको वातावरण कमजोर रहनु र रोजगारी सिर्जनामा अपेक्षित प्रगति हुन नसक्नु पनि आर्थिक सुस्तताका प्रमुख कारण मानिएका छन् ।

## राष्ट्रिय अर्थतन्त्रमा मधेशको हिस्सा १३.१ प्रतिशत

आर्थिक आकारका हिसाबले भने मधेश प्रदेश देशको चौथो ठूलो अर्थतन्त्रका रूपमा रहेको छ ।

चालु आर्थिक वर्षमा नेपालको कुल गार्हस्थ्य उत्पादन ६६ खर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ ।

यसमध्ये मधेश प्रदेशको योगदान ८ खर्ब ६३ अर्ब रुपैयाँ अर्थात् १३.१ प्रतिशत रहने अनुमान छ ।

सबैभन्दा ठूलो आर्थिक हिस्सा भने बागमती प्रदेशको रहेको छ। बागमतीले मात्र २४ खर्ब २३ अर्ब रुपैयाँ बराबर अर्थात् ३६.७ प्रतिशत हिस्सा ओगट्ने अनुमान गरिएको छ ।

कोशी प्रदेशको योगदान १५.८ प्रतिशत, लुम्बिनीको १४.२ प्रतिशत, गण्डकीको ९ प्रतिशत, सुदूरपश्चिमको ७ प्रतिशत र कर्णालीको ४.२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

तथ्याङ्कले राजधानी केन्द्रित अर्थतन्त्र अझै बलियो बन्दै गएको देखाएको छ भने मधेशसहितका कृषि आधारित प्रदेश आर्थिक रूपमा अपेक्षाकृत कमजोर बन्दै गइरहेका छन् ।

## कृषिमा निर्भर मधेश, तर कृषि नै संकटमा

औद्योगिक वर्गीकरणअनुसार बागमती प्रदेश बाहेक सबै प्रदेशमा कृषिको योगदान सबैभन्दा बढी रहेको छ ।

मधेश प्रदेशमा पनि कृषि क्षेत्र नै अर्थतन्त्रको प्रमुख आधार हो । तर, यस वर्ष मधेश प्रदेशको कृषिक्षेत्रको वृद्धिदर ऋणात्मक रहने प्रारम्भिक अनुमान गरिएको छ ।

विशेषज्ञहरूका अनुसार मौसमीय असन्तुलन, समयमा मल-बीउको अभाव, सिंचाइ समस्याका साथै बजार व्यवस्थापन कमजोर हुँदा कृषि उत्पादन प्रभावित भएको हो ।

कृषिमा आएको गिरावटले प्रदेशको समग्र आर्थिक गतिविधिमा नकारात्मक असर पारेको देखिन्छ ।

मधेश प्रदेशमा व्यापार क्षेत्र दोस्रो ठूलो आर्थिक गतिविधिका रूपमा रहेको छ। तथापि व्यापार क्षेत्रले पनि अपेक्षित विस्तार गर्न नसक्दा समग्र आर्थिक वृद्धि कमजोर बनेको विश्लेषण गरिएको छ ।

तथ्याङ्कअनुसार मधेश प्रदेशमा सबैभन्दा न्यून योगदान खानी तथा उत्खनन क्षेत्रको रहेको छ। औद्योगिक पूर्वाधार कमजोर हुनु तथा प्राकृतिक स्रोतको व्यावसायिक उपयोग हुन नसक्दा यो क्षेत्र न्यून अवस्थामा रहेको देखिन्छ ।

## प्रतिव्यक्ति आम्दानीमा पनि मधेश कमजोर

आर्थिक सुस्ततासँगै मधेश प्रदेशको प्रतिव्यक्ति आम्दानी पनि राष्ट्रिय औसतभन्दा निकै तल रहेको छ ।

चालु आर्थिक वर्षमा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ५ सय १३ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। तर , मधेश प्रदेशको प्रतिव्यक्ति आम्दानी ९३४ अमेरिकी डलर मात्र रहने अनुमान गरिएको छ ।

गत आर्थिक वर्षमा मधेशको प्रतिव्यक्ति आम्दानी ९४७ अमेरिकी डलर रहेको थियो । यस वर्ष त्यो झनै घट्ने अनुमान गरिएको छ । डलरको सटहीदरमा आएको वृद्धिका कारण प्रतिव्यक्ति आम्दानीमा गिरावट देखिएको तथ्याङ्क कार्यालयले जनाएको छ ।




राष्ट्रिय औसतभन्दा झण्डै ६ सय डलर कम प्रतिव्यक्ति आम्दानी हुनु मधेश प्रदेशको कमजोर आर्थिक अवस्थाको स्पष्ट संकेत भएको अर्थविद्हरूको भनाइ छ ।

## ऊर्जा क्षेत्रमा उच्च वृद्धि

चालु आर्थिक वर्षमा राष्ट्रिय स्तरमै सबैभन्दा धेरै वृद्धि विद्युत तथा ग्यास क्षेत्रमा हुने अनुमान गरिएको छ ।

यो क्षेत्रको वृद्धिदर २०.९३ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। मधेश प्रदेशमा पनि सबैभन्दा उच्च आर्थिक विस्तार यही क्षेत्रमा हुने अनुमान छ ।

तर, कृषि क्षेत्रमा आएको गिरावटले ऊर्जा तथा अन्य सेवा क्षेत्रको वृद्धिलाई समेत ओझेलमा पारेको देखिन्छ ।

## प्रशासन र सेवा क्षेत्र पनि सुस्त

तथ्याङ्कले केही प्रदेशमा सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको वृद्धिदर कमजोर देखिएको छ ।

मधेश प्रदेशमा भने कृषिक्षेत्र नै ऋणात्मक अवस्थामा पुगेको उल्लेख गरिएको छ ।

प्रदेशमा निजी क्षेत्रको लगानी कमजोर हुनु, औद्योगिक विस्तार नहुनु तथा सार्वजनिक पुँजीगत खर्च प्रभावकारी रूपमा हुन नसक्दा आर्थिक गतिविधि प्रभावित बनेको विश्लेषण गरिएको छ ।

अर्थशास्त्रीहरूका अनुसार मधेश प्रदेशको आर्थिक सुधारका लागि कृषि आधुनिकीकरण, उद्योग प्रवर्द्धन, पूर्वाधार विकास र रोजगारी सिर्जनामा केन्द्रित नीति आवश्यक छ ।

सीमावर्ती व्यापारलाई व्यवस्थित गर्न सकिए मधेश प्रदेशको अर्थतन्त्रमा उल्लेखनीय सुधार आउन सक्ने उनीहरूको भनाइ छ ।

## आर्थिक असमानता बढ्दै

ताजा तथ्याङ्कले नेपालभित्रको प्रादेशिक आर्थिक असमानता अझ गहिरिँदै गएको देखाएको छ ।

एकातिर बागमती प्रदेशले राष्ट्रिय अर्थतन्त्रको एकतिहाइभन्दा बढी हिस्सा ओगटिरहेको छ भने अर्कोतिर मधेशजस्ता प्रदेश आर्थिक वृद्धिदरमा निकै पछाडि परिरहेका छन् ।

विशेषगरी कृषि आधारित प्रदेशहरूमा उत्पादनशीलता घट्दै जानु, युवा जनशक्ति वैदेशिक रोजगारीमा निर्भर हुनु र स्थानीय उद्योग-व्यवसाय विस्तार हुन नसक्नु चुनौतीका रूपमा देखिएको छ ।

मधेश प्रदेशका लागि यो तथ्याङ्क आर्थिक सूचक मात्र नभई प्रदेशको विकास मोडेलमाथि पुनर्विचार गर्नुपर्ने चेतावनीका रूपमासमेत हेरिएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेश प्रदेशका विभिन्न मन्त्रालय र कार्यालयमा करीब ३ अर्बको भएन लेखापरीक्षण

**खबर दर्पण समाचारदाता**

**जेष्ठ ६ गते, बर्दिवास**



गत वर्ष भएको जेनजी आन्दोलनको क्रममा मधेश प्रदेश प्रदेशका विभिन्न मन्त्रालय र कार्यालयमा भएको तोडफोड र आगजनीले कागजात जलेर नष्ट हुँदा करीब ३ अर्ब बराबर आर्थिक कारोबारको लेखापरीक्षण हुन नसकेको छैन ।

महालेखापरीक्षकको क कार्यालयका नायब महालेखा परीक्षक तारा प्रसाद पाण्डेले मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई हस्तान्तरण गरेको आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न भएका लेखापरीक्षण तथा आर्थिक अनुगमनसम्बन्धी समेटिएको विवरणमा यस्तो कुरा भनिएको छ ।

प्रतिवेदनमा जेनजी आन्दोलनका २ अर्ब करोड ७१ लाख १७ हजार रुपैयाँ बराबरको कारोबार परीक्षण हुन नसकेको उल्लेख छ । प्रतिवेदनमा भनिएको छ 'प्रदेश सरकारका ९ मन्त्रालय र मातहत कार्यालयले २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलन र घटनाको कारण श्रेस्ता पेश गर्न र लेखापरीक्षण गराउन कागजागत पेश गर्न नसकिएकाले लेखापरीक्षण गर्न सकिएको छैन ।

प्रतिवेदनमा जनाइए अनुसार प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्रालयले ७८ करोड २७ लाख ३३ हजार, प्रदेश सभाले ३८ करोड २१ लख ८० हजार , मुख्यमन्त्री कार्यालयले ५९ करोड १३ लाख ९५ हजार, वन तथा वातावरण मन्त्रायलले २७ करोड १६ लाख ९५ हजार र श्रम तथा यातायात मन्त्रालयले ७६ करोड १३ लाख ६० हजार रुपैया बराबरको लेखापरीक्षण हुन सकेको छैन ।

मधेश प्रदेश सरकारले कूल बजेट मध्ये आफू मातहतका १३४ सरकारी कार्यालयको ४५ अर्ब ७० करोड, ७४ लाख ७१ हजार र समिति तथा अन्य १६ संस्थाको ३ अर्ब ९८ करोड ६४ लाख ७२ गरी कूल ४९ अर्ब ६९ करोड ३९ लाख ४३ हजार को लेखापरीक्षण सम्पन्न गराएको छ । प्रदेश सरकारको लागि सशर्त अनुदानतर्फ दुई अर्ब २ करोड ६४ लाख २१ हजार प्राप्त भएकोमा खर्च हुन नसकी ४ करोड ७० लाख ६५ हजार बचत भई संघीय सरकारलाई फिर्ता भएको छ ।

महालेखापरीक्षक कार्यालयले प्रदेश सरकारको वित्तीय व्यवस्थापनमा समेत कमजोरी औँल्याएको छ । प्रतिवेदनमा खर्चको तुलनामा अभिलेख व्यवस्थापन कमजोर रहेको, कतिपय कार्यालयले बैंक मिलान विवरण नियमित नराखेको तथा बेरुजु नियन्त्रण प्रभावकारी हुन नसकेको उल्लेख गरिएको छ । प्रदेश सरकारको कुल बेरुजु र कम १ अर्ब ८७ करोड ३३ लाख ६१ हजार रुपैयाँ पुगेको जनाइएको छ ।

यो रकम कुल खर्चको ३.७७ प्रतिशत बराबर रहेको प्रतिवेदनले देखाएको छ । असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने तथा प्रमाण कागजात पेश गर्नुपर्ने शीर्षकमा उल्लेख्य बेरुजु रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । नेपालको संविधानको धारा २९४ को उपधारा -३) बमोजिम तयार गरिएको उक्त प्रतिवेदनमा सरकारी निकायको आर्थिक अनुशासन, बजेट खर्चको अवस्था, राजस्व संकलन, सार्वजनिक वित्तीय व्यवस्थापन तथा लेखापरीक्षणसँग सम्बन्धित विविध पक्ष समेटिएको महालेखापरीक्षक कार्यालयले जनाएको छ ।

महालेखापरीक्षकको कार्यालयले प्रदेश सरकारको वित्तीय व्यवस्थापनमा कमजोरी देखिएको निष्कर्ष निकालेको छ । प्रतिवेदनमा खर्चको तुलनामा अभिलेख व्यवस्थापन कमजोर रहेको, कतिपय कार्यालयले बैंक मिलान विवरणसमेत नियमित नराखेको तथा बेरुजु नियन्त्रणमा प्रभावकारी काम नभएको उल्लेख गरिएको छ ।

# मधेशमा ४४२ हेक्टर वनक्षेत्र ....

जगन्नाथप्रसाद जयसवालले अझै पनि मधेश प्रदेशका आठ जिल्लामा १६ हजार ५९९ हेक्टर वनक्षेत्र अतिक्रमणको अवस्थामा रहेको जानकारी दिए ।

उनका अनुसार थप अतिक्रमित वनक्षेत्र खाली गराउन सम्बन्धित डिभिजन वन कार्यालयहरूले सूचना जारी गरिसकेका छन् । अतिक्रमण हटाउने प्रक्रिया अघि बढाइए पनि त्यसका लागि प्रशासनिक संयन्त्र मात्र पर्याप्त नहुने भन्दै राजनीतिक दल, स्थानीय तह र समुदायको सहकार्य आवश्यक रहेको निर्देशक जयसवालले बताए ।

मधेश प्रदेशमा वन क्षेत्र अत्यन्त न्यून रहेको तथ्यांकले देखाएको छ । देशभर करिब ४५ प्रतिशत भूभाग वनले ढाकिएको भए पनि मधेश प्रदेशमा भने जम्मा ३ दशमलव ७२ प्रतिशत भूभाग मात्रै वन क्षेत्र रहेको निर्देशनालयको तथ्यांक छ । प्रदेशभर कुल दुई लाख दुई हजार २०२ हेक्टर वनक्षेत्र रहेकोमध्ये आठ प्रतिशत क्षेत्र अतिक्रमणमा परेको छ ।


अझै चिन्ताजनक पक्ष के छ भने मधेशका १३६ स्थानीय तहमध्ये ८९ स्थानीय तहमा वनक्षेत्र नै नरहेको बताइएको छ ।

वन विनाश र अतिक्रमणका कारण वातावरणीय सन्तुलन, जैविक विविधता तथा भू-क्षयको जोखिम बढ्दै गएको भन्दै सरोकारवालाले दीर्घकालीन संरक्षण रणनीति आवश्यक रहेको बताएका छन् ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६८।०५।०६ मा दर्ता भएका फिक्सन फ्याक्ट्री प्रोडक्सन प्राइभेट लिमिटेड (प्रा.ली. नं. ८५८४४) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।




**गौशाला नगरपालिका, महोत्तरी**

**पालिकाको स्थानीयलाई अनुरोध**



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
–जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीय निकायमा गई दर्ता गरौं ।
–जन्म, मृत्यु बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ ।
–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं ।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं ।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं ।
–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं ।
–गाउँपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं ।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं ।





**रामगोपालपुर नगरपालिका, महोत्तरी**

# सीमावर्ती सुरक्षा र अपराध नियन्त्रणमा नेपाल-भारत सहकार्य बढाउने सहमति

**खबर दर्पण समाचारदाता**

**जेष्ठ ६ गते, बर्दिवास**

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले नेपाल-भारत सीमावर्ती क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न तथा अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन द्विपक्षीय समन्वयलाई थप सुदृढ बनाउने सहमति भएको बताएका छन् ।

बुधबार भारतको मधुबनीमा आयोजित नेपाल-भारत सीमा जिल्ला समन्वय बैठकमा महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लाका प्रशासन तथा सुरक्षा निकायका प्रतिनिधि र भारतको मधुबनी जिल्लाका अधिकारीबीच सीमासम्बन्धी विविध विषयमा छलफल भएको हो ।

बैठकपछि प्रतिक्रिया दिँदै प्रमुख जिल्ला अधिकारी यादवले खुला सीमाका कारण उत्पन्न हुने सुरक्षा चुनौतीलाई दुवै देशका प्रशासन र सुरक्षा निकायबीचको सहकार्यबाट नियन्त्रण गर्न सकिने बताए ।

उनले सीमावर्ती क्षेत्रमा हुने चोरी, तस्करी, लागूऔषध कारोबार, मानव बेचबिखन तथा अन्य आपराधिक गतिविधि नियन्त्रणका लागि नियमित सूचना आदानप्रदान र संयुक्त समन्वय आवश्यक रहेको उल्लेख गरे ।



उनका अनुसार बैठकमा सीमा क्षेत्रमा शान्ति सुरक्षा मजबुत बनाउने, अपराधिक गतिविधिमा संलग्न व्यक्तिमाथि निगरानी बढाउने तथा आवश्यक पर्दा संयुक्त रूपमा कारबाही प्रक्रिया अगाडि बढाउने विषयमा सहमति भएको छ ।

बैठकमा सहभागी अधिकारीहरूले सीमापार हुने सामाजिक तथा आर्थिक गतिविधिलाई सहज बनाउँदै सुरक्षा संवेदनशीलतालाई समेत ध्यान दिनुपर्नेमा जोड दिएका थिए ।

साथै सीमा क्षेत्रमा हुने साना विवादलाई स्थानीय तहबाटै समाधान गर्न र आपसी विश्वासको वातावरण कायम राख्न दुवै पक्ष सहमत भएका छन् ।

# मधेशमा ४४२ हेक्टर वनक्षेत्र अतिक्रमणमुक्त

**खबर दर्पण समाचारदाता**

**जेष्ठ ६ गते, बर्दिवास**

मधेश प्रदेशमा वर्षौंदेखि अतिक्रमणको चपेटामा परेको ४४२ हेक्टर वनक्षेत्र गत आर्थिक वर्ष २०८१/८२ मा खाली गराइएको छ ।

वन निर्देशनालय मधेश प्रदेशका अनुसार विभि जिल्लामा फैलिएको वन अतिक्रमण हटाउने अभियानअन्तर्गत उक्त क्षेत्र फिर्ता लिइएको हो ।

निर्देशनालयले दिएको जानकारी अनुसार सबैभन्दा बढी सर्लाहीमा १७५ हेक्टर वनक्षेत्र अतिक्रमणमुक्त गरिएको छ । त्यसपछि सप्तरीमा १११ हेक्टर , बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, धनुषामा ३० हेक्टर , रौतहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोत्तरीमा तीन हेक्टर वनक्षेत्र खाली गराइएको छ ।

वन क्षेत्रमा लामो समयदेखि खेतीपाती, गोठ निर्माण, होटल तथा पसल सञ्चालनदेखि घर बनाएर बसोबाससमेत हुँदै आएको थियो ।

वन निर्देशनालयका निर्देशक

*बाँकी पृष्ठ ३ मा*


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यान्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**औरही नगरपालिका, महोत्तरी**



छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

“छोरी पढे, देश बढे”
“छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा”
“छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं”
“बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं”

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम
मधेश प्रदेश



**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

“सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!”

**मिथिला नगरपालिका, धनुषा**



## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,